सूचनाको हक सम्बन्धी ऐन ,२०६४ को दफा ५ (३) तथा सूचनाको हक सम्बन्धी नियमावली
२०६५को नियम ३ बमोजिम सार्वजनिक गरिएको
आ.व. २०८०/८१ को श्रावण देखि असोज महिनामा सम्पादित कार्यहरुको

# स्वतः प्रकाशन

## १. कृषि ज्ञान केन्द्र, मुस्ताङको स्वरुप र प्रकृति

संविधानमा उल्लेख भएका कृषि सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्दै कृषकहरुलाई आवश्यक ज्ञान, सिप, प्रविधिको लागि सहजिकरण र क्षमता अभिवृद्धि मार्फत सशक्तिकरण गर्दै उनीहरुको आवश्यकता अनुसारका कृषि विकासका कार्यक्रमहरु तर्जूमा र कार्यान्वयन, खाद्य सुरक्षा र आर्थिक वृद्धि लगायतका राष्ट्रिय लक्ष्यहरु र दिगो विकास लक्ष्य लगायतका विभिन्न अन्तराष्ट्रिय प्रतिवद्धताहरु पूरा गरि कृषिको विकास र जीविकोपार्जनको आधार कायम राख्नका लागि स्थानीय आवश्यकता र राष्ट्रिय प्राथमिकताका बिचमा तादम्यता रहने गरि मुलुकको संघीय संगठनात्मक संरचनामा प्रदेश सरकार मातहत रहने गरि कृषि विकासको मुख्य आधारका रुपमा कृषि ज्ञान केन्द्रहरुको व्यवस्था गरिएको हो । त्यसै अनुरुपमको परिबर्तित संघिय शासन व्यवस्था अनुरुप गण्डकी प्रदेश सरकार अन्तर्गत रहने गरि मिति २०७७/०९/१७ मा साबिकको जिल्ला कृषि बिकास कार्यालय, मुस्ताङको जोमसोम स्थित कर्मचारी आवास भवनमा कृषि ज्ञान केन्द्र, मुस्ताङ स्थापना भएको छ। यसको कार्य क्षेत्र मुस्ताङ जिल्ला रहेको छ ।

स्थानीय समस्यामा आधारित प्रविधी परीक्षण गर्ने, प्रयोगशाला सेवाहरु, प्राविधिक र कृषकहरुको क्षमता विकास, स्थानीय कृषिका निकायहरुलाई प्राविधिक पृष्ठपोषण, बीउ विजन तथा उन्नत नश्लको श्रोतकेन्द्र विकास, कृषि इन्टर्न, कृषि तथ्याङ्कहरु संकलन, कृषि व्यवसाय विकास सहयोग लगायत संघ र स्थानीय तह बिच समन्वय गर्ने जिम्मेवारी यस ज्ञान केन्द्रको रहेको छ ।

## २. काम, कर्तव्य र अधिकार

कृषि ज्ञान केन्द्र, मुस्ताङको कार्यविवरण तपशिल अनुसार रहेको छ।

- जिल्लाको कृषि तथ्यांक प्रोफाइल तयार तथा अध्यावधिक गर्ने,
- स्थानीय निकायमा कार्यरत कृषि प्राविधिकहरुलाई तालिम तथा क्षमता अभिबृद्धि गर्ने,
- व्यबसायिक किसान, उद्यमी तथा कृषि फर्म संचालकको लागि तालिम तथा क्षमता अभिबृद्धि गर्ने,
- आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परीक्षण तथा सिफारिस गर्ने,
- माटो तथा मल, बीउ तथा बाली संरक्षण सम्बन्धी सामान्य प्रयोगशाला सेवा प्रदान गर्ने,
- सङ्घीय कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन तथा सम्पर्क विन्दुको रुपमा कार्य गर्ने,
- प्रादेशिक कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्ने,
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत कमाण्ड क्षेत्र भित्रका जोन र सुपरजोनको लागि प्राविधिक सेवा उपलब्ध गराउने,

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत कमाण्ड क्षेत्र भित्रका पकेट तथा ब्लकको कार्यक्रम संचालन तथा प्राविधिक सेवा उपलब्ध गराउने,
- भौगोलिक विविधता अनुसारको प्राथमिकता प्राप्त बाली वस्तु विकासको योजना मूल्य अभिबृद्धि श्रृखला विकास तथा कार्यान्वयनको समन्वय गर्ने,
- आर्थिक महत्वका स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग गर्ने,
- विभिन्न बालीनालीका रोग कीराहरुको पेष्ट म्याप तयार गर्ने,
- विभिन्न बालीनाली तथा रोगकीराहरुको संकलन, पहिचान तथा संरक्षण गरी संग्राहलयको रुपमा विकास गर्ने,
- स्थानिय बाली/रैथाने बाली/लोपोन्मुख तथा उपेक्षित बालीको जर्म प्लाजम संकलन गरी Gene bank लाइ उपलत्ब्ध गराउने, Genebank सँग सहकार्य गर्ने,
- स्थानीय तहका कृषि इकाईहरुबाट कृषि सम्बन्धी तथ्यांक संकलन तथा अध्यावधिक गर्ने साथै असिना, बाढी, पहिरो जस्ता दैबी प्रकोपको विवरण संकलन गरी तथ्यांक प्रादेशिक तथा सङ्घीय तालुक निकायहरुमा पठाउने,
- बीउ, विषादी तथा मलखाद बिक्रेताहरूको अनुमति, नवीकरण तथा अनुगमन गर्ने साथै तिनीहरुको क्षेमता अभिबृद्धि गर्ने,
- कमाण्ड क्षेत्र भित्र रहेका श्रोत केन्द्रहरु, फलफुल तथा तरकारीको नर्सरीहरुलाई प्राविधिक सेवा प्रदान गर्ने,
- कमाण्ड क्षेत्र भित्र रहेका फलफुल तथा तरकारीको नर्सरीहरुको तालुक निकायको समन्वयमा प्राविधिक अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा निरोगिताको प्रमाणपत्र उपलब्ध गराउने,
- निरोगिताको प्रमाणपत्र बिना बीउ, विरुवा, बेर्ना तथा अन्य रोपण सामाग्रीहरुको ओसारपसारमा तालुक निकायसंग समन्वय गरी रोक लगाउने,
- व्यावसायिक फर्म, विमा, कृषिजन्य उद्योगमा विद्युतीकरण, विषादी विक्रेता आदिको लागि सिफारिस प्रदान गर्ने,
- कमाण्ड क्षेत्र भित्र कृषि उद्धम् तथा व्यवसाय संचालन गर्न चाहनेहरुको लागि प्राविधिक तथा व्यवासायिक कार्ययोजना तयार गर्न सहयोग गर्ने,
- कृषक वर्गीकरण तथा परिचयपत्र वितरणको लागि स्थानीय सरकारसंग समन्वय तथा सहजीकरण गर्ने,
- कृषि स्नातक तथा जे.टि./जे.टि.ए. कोर्ष अध्यनरत विद्यार्थीहरुको लागी इन्टर्नसिप कार्यक्रम संचालन गर्ने,
- सङ्घीय एवं प्रादेशिक कृषि सम्बन्धी ऐन, नीति, नियम, नियमावली, निर्देशिका सम्बन्धी सरोकारवाला निकायहरुलाई सुसूचित गर्ने, गराउने,
- स्थानीय तह अन्तरगत नगरपालिका, गाउँपालिका तथा वडाको विस्तृत स्थलगत सर्वेक्षण गरी भूगोल, हावापानी, मोहडा, कृषि पर्यावरण, माटो परीक्षण तथा परम्परागत बालीनालीको आधारमा कृषिको व्यवसायीकरणको लागि आधारभूत कृषि प्रोफाइल तयार पार्न सहयोग गर्ने,
- नेपाल कृषि अनुसन्धान परिसदसंग समन्वय गरी वाह्य अनुसन्धान स्थलको रुपमा कार्य गर्ने,
- सङ्घीय तथा प्रदेश सरकारले तोकेका अन्य प्राविधिक कार्यहरु गर्ने,
- समग्र कृषि विकासको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने,
- यस अघि साविक जिल्ला कृषि विकास कार्यालयले प्रतिनिधित्व गर्ने जिल्लास्तरका समितिहरुमा सहभागिता जनाउने,
- कृषि विकासमा टेवा पुर्याउने अन्य कामहरु गर्ने।

## ३. कर्मचारी संख्या र कार्यविवरण

| सि.नं. | पद | तह/श्रेणी | सेवा | समूह | कर्मचारीको नाम थर | स्थायी ठेगाना | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख | ९/१० औं | कृषि | समूहकृत नहुने | रिक्त | | |
| २ | कृषि प्रसार अधिकृत | ७/८ औं | कृषि | कृषि प्रसार | प्रकाश बस्ताकोटी | पोखरा-२६, कास्की | |
| ३ | वागवानी विकास अधिकृत | ७/८ औं | कृषि | वागवानी | कुमार पुन मगर | बेनी-१, म्याग्दी | काज सरुवा कृ.ज्ञा.के.बाग्लुङ |
| ४ | प्राविधिक सहायक/ अधिकृत | ५/६ औं | कृषि | बागवानी | हरि प्रसाद न्यौपाने | पालुङटार-२, गोरखा | |
| ५ | प्राविधिक सहायक/ अधिकृत | ५/६ औं | कृषि | कृषि प्रसार | दिलिप नेपाली | भिरकोट-८, स्याङजा | |
| ६ | प्राविधिक सहायक/ अधिकृत | ५/६ औं | कृषि | बाली संरक्षण | रिक्त | | |
| ७ | सहायक | ४/५ औं | प्रशासन | सामान्य प्रशासन | रिक्त | | |
| ८ | सहायक | ४/५ औं | प्रशासन | लेखा | रिक्त | | |
| ९ | हलुका सवारी चालक | श्रेणीविहिन | इन्जिनियरिङ्ग | मेकानिकल | सन्दिप पौडेल | | सेवा करार |
| १० | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सामान्य प्रशासन | जीत बहादुर वि.क. | घरपझोङ-५, मुस्ताङ | |

सेवा करारमा कार्यरत कर्मचारीको विवरण

| कर्मचारीको नाम थर | पद | हाँजिर मिति | मोबाइल नं. | स्थायी ठेगाना |
|---|---|---|---|---|
| रमला बि.क. | कार्यालय सहयोगी | २०८०.०४.०२ | ९८४७६१६६१५ | घरपझोङ-४ मुस्ताङ |

## ४. प्रदान गरिने सेवा, जिम्मेवार शाखा र सेवा अवधी सम्बन्धि विवरण

यस कार्यालयबाट उपलब्ध हुने सेवा सम्बन्धि विवरण निम्न तालिकामा उल्लेख गरिएको छ।

| क्र.सं. | प्रदान गरिने सेवा | सेवा प्राप्त गर्न सक्ने संस्था | सेवाग्राहीले आवेदन पेश गर्ने समय | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | सम्बन्धित शाखा |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक कृषि प्रवर्धन सम्बन्धि अनुदानमूलक कार्यक्रमहरु | - कृषक समूह,<br>- कृषि सहकारी संस्था,<br>- कृषि फर्म,<br>- कृषि कम्पनी<br>- व्यक्तिगत कृषक | यस केन्द्रबाट प्रकाशन गरिने सार्वजनिक सूचनामा उल्लेख भए बमोजिम | - आवेदन दर्ताः आवश्यक सबै कागजात पेश भए पछि तुरुन्त (आवेदन पेश गर्ने समय अवधिमा मात्र)<br>- अनुगमन र प्राविधिक सेवाः छनौट तथा द्धिपक्षीय सम्झौता पश्चात आवश्यकता अनुसार<br>- अनुदान प्रवाहः सम्झौता बमोजिम काम सम्पन्न भएपछि मात्र भुक्तानी हुने | रु. १० को टिकट | प्राविधिक शाखा |
| २ | कृषक तालिम कार्यक्रम | कृषि व्यवसाय संचालन गर्न ईच्छुक कृषकहरु | यस केन्द्रबाट प्रकाशन गरिने सार्वजनिक सूचनामा उल्लेख भए बमोजिम | • निवेदन पेश हुन साथ दर्ता हुने,<br>• यस केन्द्रले संचालन गर्ने तालिमहरुमा सहभागी गराईने | रु. १० को टिकट | प्राविधिक शाखा |
| ३ | कृषि उत्पादन सम्बन्धी प्राविधिक सेवा/कृषि तथ्यांक | कृषक/कृषि सँग सम्बन्धित संस्था | बर्षैभरी | निवेदन प्राप्त हुनासाथ | निःशुल्क | प्राविधिक शाखा |
| ४ | कृषि सम्बन्धी प्रयोगशाला सेवा तथा आकस्मिक बाली संरक्षण सेवा | कृषक/कृषि सँग सम्बन्धित संस्था | बर्षैभरी | निवेदन प्राप्त भएपछि यस केन्द्रबाट वा सम्बन्धित प्रादेशिक कार्यालयसँगको समन्वयमा सेवा उपलब्ध गराईने | निःशुल्क | प्राविधिक शाखा |
| ५ | कृषि प्रविधिहरुको विस्तारका लागी प्रचार प्रसार तथा सम्बद्ध निकायहरुसंग समन्वय | सेवा लिन चाहने कृषकहरु | बर्षैभरी | नियमित रुपमा आवश्यकता अनुसार | निःशुल्क | प्राविधिक शाखा |

| क्र.सं. | प्रदान गरिने सेवा | सेवा प्राप्त गर्न सक्ने संस्था | सेवाग्राहीले आवेदन पेश गर्ने समय | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | सम्बन्धित शाखा |
|---|---|---|---|---|---|---|
| ६ | केन्द्रबाट प्रकाशित वार्षिक प्रगति प्रतिवेदन तथा अन्य प्राविधिक प्रकाशनहरु वितरण | सेवा लिन चाहने कृषकहरु | बर्षैभरी (केन्द्रसँग उपलब्ध भए अनुसार) | चौमासिक/वार्षिक रुपमा तयार गरी माग अनुसार तुरुन्त उपलब्ध गराइने | निःशुल्क | प्रशासन शाखा |
| ७ | प्रशासनिक जानकारी एवं अन्य सेवा | सेवा लिन चाहने व्यक्तिहरु | बर्षैभरी | निवेदन प्राप्त हुनासाथ | निःशुल्क | प्रशासन शाखा |
| ८ | व्यक्ति/संस्थाको सेवा र कार्यको खर्च भुक्तानी | भूक्तानी लिनु पर्ने व्यक्ति/संस्था | बर्षैभरी | ३ दिन भित्र | निःशुल्क | लेखा शाखा |
| ९ | वीउ विजन विक्रेता अनुपति पत्र/नविरकण | वीउ विजन व्यवसाय सञ्चालन गर्न ईच्छुक व्यक्ति/संस्था | बर्षैभरी | ३ दिन भित्र | दर्ताः रु.४००/- नविकरणः रु. २००/- | प्राविधिक शाखा |

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

कार्यालयबाट सम्पादन हुने कार्य र निर्णय प्रक्रिया तपशिल बमोजिम गर्ने गरिएको छ।

- प्रचलित नियम कानुन, कार्यविधी, मापदण्ड आदी
- उपलब्ध बजेट तथा कार्यक्रम
- कार्यक्रम अनुगमन, सिफारिस र स्वीकृती
- टीप्पणी तथा आदेश आदी

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालय प्रमुख

## ७. सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको नाम र पद

- सूचना अधिकारी: श्री हरि प्रसाद न्यौपाने, अधिकृत (अधिकृतस्तर छैटौं)
- गुनासो सुन्ने अधिकारी: श्री प्रकाश वस्ताकोटी, नि. प्रमुख (अधिकृतस्तर आठौं)

## ८. ऐन, नियम र निर्देशिकाको सूचि

- प्रदेश निजामति सेवा ऐन, २०७९
- प्रदेश निजामति सेवा नियमावली, २०७९
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सो सम्बन्धि नियमावली

- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- खाद्य अधिकार तथा खाद्य सम्प्रुभता ऐन, २०७५
- प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७
- विउ विजन ऐन, २०७९
- जिवनाषक विषादी व्यवसथापन ऐन, २०७६
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधी, २०७७
- अन्य प्रचलित नियम कानुन, निर्देशिका, कार्यविधी तथा मापदण्डहरु।

## ९. वेभसाईट

यस कार्यालयको वेभसाईटः- ackmustang.gandaki.gov.np

ईमेलः akcjomsom@gmail.com

सम्पर्क नं.-069-590006 वा ९८५७६५७१५८ वा ९८५७६५७१५७

फेसबुक ठेगानाः https://www.facebook.com/akc.mustang

## १०. प्रकाशित सूचनाहरुको विवरण

| क्र.सं. | सूचनाको विषय | सूचना प्रकाशित मिति | प्रकाशन गर्ने पत्रिकाको नाम |
|---|---|---|---|
| १ | आवेदन पेश गर्ने सम्बन्धि सूचना (प्रदेश शशर्त तर्फका सबै अनुदानमुलक कार्यक्रमहरु) | २०७९ श्रावण १८ गते | समाधान राष्ट्रिय दैनिक र आर सि टाईम्स |
| २ | Invitation of Bids for Demand and Supply of Organic Manure | 11th Sept 2023 | नयाँ पत्रिका राष्ट्रिय दैनिक |

## ११. बजेट तथा खर्च र प्रगति सम्बन्धि विवरण

आ.व. २०८०/८१ को बार्षिक तथा प्रथम त्रैमासिक बजेट विवरण

| क्र.सं | बजेटको श्रोत | वार्षिक जम्मा बजेट रु. हजारमा | प्रथम त्रैमासिक जम्मा रु. हजारमा |
|---|---|---|---|
| १ | प्रदेश | ३४१७२ | ८५४४ |
| २ | संघ | ० | ० |
| जम्मा | | ३४१७२ | ८५४४ |

आ.व. २०८०/८१ को प्रथम त्रैमासिक वित्तिय तथा भारित प्रगति विवरण**सम्पादित कार्यहरुको प्रगति विवरण**

| पुँजीगत बजेट र खर्च | | | चालु बजेट र खर्च | | | जम्मा बजेट र खर्च | | | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रथम त्रैमासिक बजेट | कुल खर्च | खर्च प्रतिशत | प्रथम त्रैमासिक बजेट | कुल खर्च | खर्च प्रतिशत | प्रथम त्रैमासिक बजेट | कुल खर्च | कुल खर्च प्रतिशत | |
| २८० | ९८.३ | ३५.१५ | ८२६४ | २१४९.६ | २६.०१ | ८५४४ | २२४७.९ | २६.३ | ५२.५४ |

कृषि ज्ञान केन्द्र, मुस्ताङबाट आ.व. २०८०/८१ प्रथम त्रैमासिक अवधीमा सम्पादन भएका कार्यक्रमहरुको प्रगति स्थितिलाई सारांशमा निम्न तालिकामा प्रस्तुत गरिएको छ। यस कार्यलयबाट कृषि सम्बन्धि प्राविधिक सरसल्लाह उपलब्ध गराउने कार्य नियमित भईरहेको छ। कार्यालयको सामान्य प्रशासनिक कार्यहरु र स्थानीय तहसँग समन्वयत्मक कार्यक्रमहरु पनि सञ्चालन भईरहेका छन्।

| क्र.सं. | कार्याक्रमको नाम | मुख्य उपलब्धिहरु (परिमाणात्मक) |
|---|---|---|
| १ | प्रदेश तर्फका अनुदान सम्बन्धि कार्यक्रमहरुको सूचना प्रकाशन, आवेदन संकलन र फिल्ड भेरिफिकेसन | अनुदानग्राही संस्था वा कृषक छनौट गर्ने आधार तयार भएको। |
| २ | टेक्निकल ग्रुप मोनिटोरिङ | फिल्डस्तरका प्राविधिक समस्या पहिचान र समस्या समाधानका उपायहरुबारे अन्तर्क्रिया भएको। |
| ३ | कार्यक्रम सार्बजनिकिकरण तथा सार्बजनिक सुनुवाई। | आ व २०७९/८० को बार्षिक प्रगतिका विषयमा सार्वजनिक सुनुवाई भएको र आ.व. २०८०/81 मा सञ्चालन हुने कार्यक्रमहरुको सार्वजनिकीकरणबाट सूचना प्रवाहमा सहयोग पुगेको। |
| ४ | क्रप कटिङ्ग तथा उत्पादन अनुमान | उत्पादकत्व निर्धारण गरी स्याउ र आलु बालीको उत्पादनको तथ्यांक अध्यावधिक गरिएको। |

१२.	कार्यक्रम सञ्चालन गर्दा भोग्नुपरेका मुख्य समस्याहरु

| क्र.सं. | मुख्य समस्या | समाधानका लागि गरिएका पहलहरु | सुझावहरु |
|---|---|---|---|
| १ | कालिगण्डकी कोरिडोर रोड प्रोजेक्टले कार्यलयको भवन प्रयोग गरेकाले कार्यालय भवनमा अपर्याप्त ठाउँ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उक्त प्रोजेक्टलाई भवन प्रयोग नगर्ने सम्बन्धि पत्राचार भएको। जिल्ला प्रशासन कार्यालयसँग यस विषयमा छलफल भएतापनि सम्याको समाधान हुन नसकेको। | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट थप पहल हुनुपर्ने। |
| २ | पुरानो र जीर्ण चारपाङ्ग्रे सवारी साधन | नयाँ चारपाङ्ग्रे सवारी साधन उपलब्ध गराईदिनका लागि प्रस्ताव तथा अनुरोध गरिएको। | नयाँ चारपाङ्ग्रे सवारी साधन उपलब्ध गराउनुपर्ने। |
| ३ | सरकारी जग्गामा स्याउ खेति विस्तारका लागि दिईएको/दिईने  अनुदान रकम प्रचलित नियम कानुन अनुसार नभएको गुनासो आएको | स्थानीय तहका अध्यक्षहरुसँग सरकारी जग्गा लिजमा उपलब्ध गराउने मौजुदा कानुनबारे अन्तरक्रिया गोष्ठी गराईएको । तालुक निकायमा यो समस्या समाधानका लागि मौखिक अनुरोध गरिएको। | सम्बन्धित निकायहरुले यथासक्य चाँडो सरकारी जग्गा लिजमा उपलब्ध गराउन पहल गर्नुपर्ने |

*प्रकाशक :- कृषि ज्ञान केन्द्र, जोमसोम, मुस्ताङ*